राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २८, अङ्क– २५, माघ १३ गते शुक्रबार, २०७९ (27 Jan., 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# सरकारमै ढसमस्स बसेर व्यवस्थाकै विरोध

## उपप्रधानमन्त्री र मन्त्रीहरूबाटै गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षता खारेजीको वकालत

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** ४ मङ्सिर, २०७९ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनबाट गठन भएको सङ्घीय संसद् यथार्थतः निकै प्रतिगमनकारी, जनद्रोही, राष्ट्रघाती र आपराधिक किसिमको देखिँदै जान थालेको छ । साह्रै अराजनीतिक, असैद्धान्तिक, अवैचारिक र सामाजिक जनजीवनमा एकदमै दुर्घन्धित रङ्गीविरङ्गी पात्रहरूले उल्लेख्य सङ्ख्यामा जितेको पछिल्लो प्रतिनिधिसभाको संरचनाले मुलुकलाई झनै प्रतिगमनतर्फ धकेल्ने सम्भावना प्रबल देखिँदै गएको छ ।

नेपालको वर्तमान संविधानका सर्वाधिक महत्त्वपूर्ण र अहिलेको राजनीतिक व्यवस्थालाई नै आधारभूतरूपले परिचित गराउने मुख्य प्रावधानहरूमाथि नै अहिलेको प्रतिनिधिसभाका सांसद् र पदाधिकारी मात्र होइन, मुलुकककका उपप्रधानमन्त्री र मन्त्रीहरूले नै ठाडो हमला बोलिरहेका छन् । दसवर्षे महान् जनयुद्ध र त्यसैको जगमा उठेर सफल भएको ऐतिहासिक संयुक्त जनआन्दोलनका प्रमुख उपलब्धिहरू नै 'खारेज' गर्नुपर्ने जस्ता अभिव्यक्ति दिइरहेका छन्- कतिपय सांसद्, उपप्रधानमन्त्री र मन्त्रीहरूले । मुख्यतः गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशी-समानुपातिक प्रतिनिधित्व जस्ता नेपाल राष्ट्र र नेपाली जनताका मुख्य उपलब्धिहरू माथि नै दिनदहाडै डकैती गर्ने प्रयास गरिरहेका उपप्रधानमन्त्री, मन्त्री र सांसद्हरूको हर्कतका कारण अहिलेको संसद् र सरकार प्रतिगमनको अखडा त हुँदैछैन भन्ने गम्भीर प्रश्नचिह्न खडा भएको हो ।

यसैबीच, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारमा बसेर सङ्घीयता र लोकतान्त्रिक गणतन्त्रका विरुद्ध बोल्ने अधिकार कसैलाई नभएको भन्दै आफ्नै सरकारभित्रका र बाहिरका प्रतिगमनकारी तत्त्वहरूलाई 'सचेत' गराउने प्रयास गर्दै त्यो क्रम नरोकिए 'स्पष्टीकरणको

क्रमशः अन्तिम पृष्ठमा

# मूल्यमा भारी गिरावट : अलैंची किसान मर्कामा

## गतवर्षको तुलनामा झन्डै आधा मात्रै मूल्यमा कारोबार

**काठमाडौं ।** आफूले उत्पादन गरेको अलैंचीको मूल्यमा भारी गिरावट आउँदा भोजपुरका अलैंची किसान मर्कामा परेका छन् । गत वर्षको तुलनामा झन्डै आधा मूल्यमा अलैंची बेच्नु पर्दा भोजपुरका किसान मर्कामा परेको हुन् ।

गत साल प्रतिमन ४० हजारमा बिक्री भएको अलैंची यो वर्ष मात्र २४ हजार रूपैयाँमा बिक्री गर्न बाध्य भएका छन् । अन्य बाली हटाएर व्यावसायिक अलैंची खेती गरिरहेका किसान मूल्यमा भारी गिरावट हुँदा चिन्तित बन्दै आएका छन् ।

गत वर्षको तुलनामा यस वर्ष ४० प्रतिशतको हारहारीमा मूल्य गिरावट आएको भोजपुरको टेम्केमैयुङ गाउँपालिका-५ चोलन्तीका अलैंची कृषक चक्रबहादुर विष्टले जानकारी दिए ।

यस वर्ष चोलन्ती गाउँबाट उत्पादित झन्डै ६ सय मन अलैंची प्रतिमन २४ हजारका दरले मात्र बिक्री भएको उनले बताए । 'यस वर्षमा अलैंचीले सोचे जस्तो मूल्य पाएन' विष्टले सुनाए। अलैंचीको मूल्य घटेपछि अन्य बाली हटाएर व्यावसायिक रूपमा अलैंचीको खेतीमा लागेका किसानहरू मारमा परेको उनको भनाइ छ । विगतमा राम्रो मूल्य पाएपछि किसानहरूले हौसिएर अलैंची खेती गरेको भए पनि अहिले निराशा छाएको विष्टले बताइन् ।

'अहिले अलैंचीको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्था छैन' उनले भने 'मैले यस वर्ष १० मन अलैंची उत्पादन गरे । त्यसको गोडमेल तथा टिप्नका लागि एक सय ५० जना बढी खेताला लगाएको छु । अहिलेको मूल्य हेर्दा उनीहरूलाई दिने पैसा नै नपुग्ने अवस्था छ ।'

मूल्यमा गिरावट आउन थालेपछि कतिपय कृषकले बगान नै गोड्न छाडेको कृषक विष्टको भनाइ छ । यसरी नै मूल्य घट्दै जाने हो भने अलैंचीको विकल्पमा अन्य बाली लगाउनुपर्ने अवस्था आएको उनको भनाइ छ ।

'पाँच/छ वर्ष अघिसम्म अलैंचीको मूल्य राम्रो थियो' विष्टले भने- 'हामीले नै प्रतिमन एक लाख २० हजारसम्म बेचेका थियौं । त्यो बेला मूल्य राम्रो पाएपछि धान खेत मासेर अलैंची लगाइयो अहिले समस्या भयो । समय फेरियो अब फेरि अलैंचीको विकल्पमा अरू बाली लगाउनुपर्ने अवस्था छ ।'

अलैंचीले राम्रो मूल्य पाएपछि विदेश जान छाडेर यही व्यावसायिक खेतीमा लागेको भए पनि मूल्यमा आएको गिरावटको कारण समस्या भएको युवा कृषक सुवास विष्टले बताए । स्वदेशमै केही गरौं भनेर व्यावसायिक अलैंची खेती थालेको विष्टको सरकार तवरबाटै किसानको समस्यालाई ध्यान दिनु आवश्यक रहेको भनाइ थियो ।

स्थानीय कृषक पुस्कर विष्टले अलैंचीमा लाग्ने रोग, सुख्खा खडेरी तथा मूल्यमा हुने गिरावट आदि विविध कारणले किसानले पहिलेजस्तो मिहेनत

क्रमशः अन्तिम पृष्ठमा

# इण्डोनेसियामा काम गर्दाको पाँचवर्षे अनुभूति

समय-सन्देश

विजयलाल श्रेष्ठ

ढाकाबाट सरूवा भएर करिव तेह्र हजार टापुबाट बनेको देश इण्डोनेसिया पुगियो । डब्ल्यूएचओको पुरानै कर्मचारी भैसके तापनि जाकर्तामा फेरि नयाँ अनुभव सँगाल्ने मौका मिल्यो । यसअघि सवै ठाउँमा पुरूष हाकिमको मातहत काम गरिएको थियो; त्यहाँचाहिँ महिला हाकिमको मातहतमा काम गर्ने अवसर जुऱ्यो । जीवनमै पहिलो पटक महिलाको मातहत काम गर्नुपर्दा के होला, कसो होला भन्ने उत्सुकता थियो । भारतीय नागरिक डा. मोना खन्ना डब्ल्यूएचओकी कन्ट्री रिप्रिजेन्टेटिभ थिइन् । जाकर्ता आउनुअघि जेनेभामा रहेर उनले डब्ल्यूएचओको एमसीएच (मेटर्नल एण्ड चाइल्ड हेल्थ) डाइरेक्टरका रूपमा काम गरिसकेकी थिइन् । डब्ल्यूएओका राम्रो काम गर्ने र 'कडा' हाकिममध्ये उनी पनि एक हुन् भन्ने चर्चा सुनेको थिएँ ।

साधारणतः प्रशासकीय अधिकृतलाई सरूवा गर्दा हाकिमले नाइँनास्ती गरेको मलाई थाहा छैन । तर, तिनले भने मलाई तत्काल स्वीकृति दिइनन् । म जाकर्ता पुग्नुअघि तिनले मेरो अन्तर्वार्ता लिइन्, दिल्लीस्थित क्षेत्रीय कार्यालयमा । आफू मातहत काम गर्न आउने अधिकृत तहका हरेकसँग कार्यालयमा हाजिर हुनुअघि नै भेटेर कुराकानी गरेपछि मात्र स्वीकृति दिने उनको प्रचलन वा शैली रहेछ । डा. मोनाले मसँग पनि जाकर्ता पुग्नुअघि नै वार्तालाप गर्न चाहिन् । दिल्ली पुगेर भेटघाट गरें, त्यसपछि स्वीकृति दिइन् । जाकर्तामा भेट्ने दिन फिक्स गरेर फर्किएँ ।

डिसेम्बरको अन्तिममा ढाकाबाट बिदा हुने र १ जनवरी, १९९० देखि जाकर्तामा हाजिर हुने तालिका थियो । ढाकाको द्वन्द्व र त्यहाँबाट नेपाल आएर मात्रै उता जानु परेकाले त्यसै पनि केही दिन ढिलो पुगें । डा. मोनासँग सहमति भएकोभन्दा पनि छ दिन ढिलो गरी जाकर्ता पुगियो । त्यहाँको पहिलो भेटमै मसँग डा. मोनाको प्रश्न थियो- "मिस्टर श्रेष्ठ, निर्धारित मितिभन्दा किन यति ढिलो ?" मैले केही कारण उल्लेख गर्दै स्पष्टीकरण दिएँ । तर, उनले पत्याएजस्तो मलाई लागेन ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २८, अङ्क- २५, माघ १३ गते शुक्रबार, २०७९

**सम्पादकीय**

# न्यूनतम मर्यादा पालना गर, विद्रोह गर्ने भए सडकमै आऊ !

सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संविधानअन्तर्गत सपथग्रहण गरेर, यसै व्यवस्थालाई संस्थागत गर्ने जिम्मेवारी र पद समेत ओगटेका कतिपय उपप्रधानमन्त्री, मन्त्री र सांसदहरूले वर्तमान राजनीतिक मूल्य-मान्यता, न्यूनतम मर्यादा र अनुशासन एवम् जनयुद्ध र जनआन्दोलनमार्फत अभिव्यक्त जनभावनाको ठाडै प्रतिकूल हुने अभिव्यक्ति दिन थालेका छन्। ठीक छ, कुनै राजनीतिक व्यवस्था वा प्रणाली नमान्न पाइन्छ, सवैले सवै प्रणाली मान्दैनन् तर आफू सत्ताधारी हो कि प्रतिपक्षी या अझ 'विद्रोही' नै हो भन्ने हेक्का राखेर र तदनुरूपको स्थान र हैसियतमा रहेर मात्र त्यस्ता कार्य गर्न पाइन्छ/मिल्दछ।

जनतामा भ्रम पार्न आफूहरू सङ्घीयताको विरोधी रहेको, गणतन्त्रकै 'खारेजी' मा लागेको र धर्मनिरपेक्षता तथा अरु विभिन्न लोकतान्त्रिक अधिकारहरूलाई उल्टाउन क्रियाशील रहेको भाषण गर्दै अहिलेका कतिपय राजनीतिक व्यक्तिहरू हिँडिरहेका छन्। तर, उनीहरू त्यही सङ्घीय व्यवस्थाअन्तर्गतका सङ्घ, प्रदेश र स्थानीय तहको चुनाव लड्ने, जित्ने, पद ओगट्ने तर तिनैका विरुद्ध विषवमन गर्दै हिँडी पनि रहेका छन्। यस्तो घोर अलोकतान्त्रिक र अनैतिक किसिमको 'राजनीतिक ठगी' गर्ने दुष्प्रयास आपत्तिजनक छ।

कुनै पनि राजनीतिक व्यवस्था वा प्रणालीको विकल्प हुन्छ/हुनुपर्छ। तर, त्यस्तो विकल्प भनेको सधैँभरि अझ राम्रो, झन् प्रगतिशील र अग्रगामी हुन्छ/हुनुपर्छ। भइरहेको र चलिरहेको व्यवस्थाभन्दा झन् पछाडि फर्कने र मसानघाटबाट मूर्दा ब्युँताउने खालको प्रतिगामी कदम कसैले पनि चाल्न पाइँदैन/मिल्दैन र त्यस्तो हर्कत सफल हुने कुनै सम्भावना पनि हुँदैन।

# इण्डोनेसियामा काम गर्दाको...

त्यतिबेलाका इण्डोनेसियाली स्वास्थ्यमन्त्रीलाई मैले ढाकामै चिनेको थिएँ। ऊ बेला उनी युनिसेफमा कार्यरत थिए। उनीसँग मेरो पुरानो चिनजान भएको कुरा थाहा पाएपछि हाम्रो कार्यालयका नेसनल अफिसर डा. बाङबाङले स्वास्थ्यमन्त्रीसँग मेरो भेटघाट गराइदिन बन्दोबस्त मिलाए। हाकिम मोनालाई मैले यो कुरा सुनाएँ। तर, उनले स्वीकृति दिइनन्। मोनाको भनाइ थियो- यस्तो भेटघाट प्रोटोकलअनुरूप हुँदैन। पहिले मन्त्रीभन्दा तलका, मन्त्रालयका सम्बन्धित अधिकारीलाई नभेटी सिधै मन्त्री भेट्नु शिष्टाचारअनुकूल नहुने उनको भनाइ थियो। पद्धतिका हिसाबले उनको निर्णय ठीकै थियो। तर, पूर्वपरिचित व्यक्ति, त्यसमाथि झन् मेरो कार्यक्षेत्र पनि स्वास्थ्य क्षेत्रमै भएकाले स्थास्थ्य मन्त्रीसित भेटघाटमा त्यसरी रोक लगाइदिने कुरा मलाई भने व्यावहारिक लागेन। यद्यपि मैले मोनासँग प्रतिवाद गरिनँ; यसबारे मन्त्रीलाई प्रष्ट्याइदिन डा. बाङबाङसँग अनुरोध गरें।

सन् १९५७ मा मस्कोबाट मैत्री रेल चढेर पेकिङ जाँदा इण्डोनेसियालीसँग पहिलो भेटघाट भएको थियो। भेटिए पनि रेलमा खासै सरसङ्गत हुने कुरा भएन। तर, महिना दिनसम्म होटलमा सँगसँगै बसियो, यताउता हिँडियो, सँगसँगै कार्यक्रममा सहभागी भइयो। इण्डोनेसिया, त्यहाँका नागरिक, राज्य व्यवस्था र चालचलनबारे निकै कुरा बुझियो। त्यसबेला अहमद सुकार्नो त्यहाँका राष्ट्रपति थिए। त्यही अनुभवको आधारमा इण्डोनेसियाबारे मेरो दिमागमा एक प्रकारको छाप परेको थियो।

त्यही अनुभूति सँगाल्दै जाकर्ता पुगें। तर, मैले कल्पना गरेजस्तो रहेनछ इण्डोनेसिया। म त्यहाँ पुग्दा जनरल सुहार्तो राष्ट्रपति थिए। पूर्वराष्ट्रपति सुकार्नो र त्यसबेलाका पराराष्ट्रमन्त्री सुभान्द्रियो दुवै उत्तिकै चर्चित थिए। मस्को हुँदै इण्डोनेसियाली साथीहरूसहित चीन जाँदाताका (सन् १९५७ आसपास) इण्डोनेसियाली कम्युनिस्ट पार्टी निकै शक्तिशाली थियो। कम्युनिस्ट पार्टीमध्ये सोभियत सङ्घ र चीनपछिको तेस्रो ठूलो र शक्तिशाली इण्डोनेसियाली कम्युनिस्ट पार्टी नै थियो। त्यतिबेला त्यस पार्टीका सदस्य पैंतीस लाख थिए। सो पार्टीका महासचिव एडिट थिए, उनी पनि उत्तिकै चर्चित थिए। सुकार्नोको 'गाइडेड डेमेक्रोसी' प्रति उनको समर्थन थियो। नेपाल कम्युनिस्ट पार्टीका महासचिवको भाइ अनि पार्टीमा सक्रिय रहेर काम समेत गरिसकेको व्यक्ति हुनुका नाताले इण्डोनेसियाप्रति मेरो बेग्लै अपेक्षा थियो; हेर्ने र सोच्ने दृष्टिकोण फरक थियो। तर, त्यहाँ पुग्दा बेग्लै अनुभूति भयो, मैले सोचेजस्तो बिल्कुल थिएन।

कम्युनिस्ट क्रान्तिताका पाँच जना इण्डोनेसियाली सैनिक जनरलहरूको मृत्यु भयो। तीमध्येका एक जनरल सुहार्तो भने बल्लतल्ल बाँचेछन्। र, पछि उनले कम्युनिस्ट सत्तासँग 'बदला' लिएछन्; सत्ता हत्याएर आफैं राष्ट्रपति बनेछन्।

जनरल सुहार्तो सत्तामा आएपछि पहिले कम्युनिस्टहरूले आफ्नो पक्षविरूद्ध 'कु' गरेको बुझाइका साथ कम्युनिस्टहरूसँग 'बदला' लिए। सुहार्तोले कम्युनिस्टहरूलाई छानीछानी हत्या गरेको कुरा त्यसबेला त्यहाँ यत्रतत्र सुनिन्थ्यो। यतिसम्म कि, शङ्काकै भरमा समेत धेरैको हत्या भयो। साठी-पैंसट्ठी लाख नागरिकको हत्या भएको समाचार पत्रपत्रिकामा पढियो। दराजपछाडि लुकिरहेका कम्युनिस्ट पार्टीका महासचिव एदीपको समेत हत्या भयो।

त्यसै बेलादेखि इण्डोनेसियामा व्यापकरूपले चीनविरोधी भावना फैलियो। त्यहाँ रहेका कयौं चिनियाँहरूले आफ्नो नाम बदलेर ज्यान जोगाए। उनीहरुले इण्डोनेसियाली शैलीकै नाम राखे। मेरै अफिसमा कार्यरत एक चिनियाँ महिला स्टाफले समेत त्यसै गरिन्।

अरू कुरा जेसुकै भए तापनि आफूले सत्ता लिएपछि सुहार्तो मूलतः देश बनाउनतर्फ नै केन्द्रित भए। त्यहाँको विकास देखेर म यस्तो निस्कर्षमा पुगेको हुँ। 'न्यु अर्डर' व्यवस्थामार्फत सुहार्तोले मुलुकलाई निकै नै प्रगति हासिल गराएको कुरा स्पष्टै देखियो। उनको पालामा आर्थिक वृद्धिदर सात प्रतिशत पुगेको थियो। तानाशाह नै भए पनि शासकहरूले चाहेमा विकास हुँदोरहेछ। इण्डोनेसियामा मैले देखे-भोगेको यथार्थ यही हो।

त्यहाँका मान्छेमा अनौठो स्वभाव रहेछ। जसले जे प्रस्ताव ल्याउँदा र अनुरोध गर्दा पनि सकेसम्म 'नो' भन्दा रहेनछन्। तर, त्यसअनुरूपको व्यवहारचाहिँ नगर्ने 'संस्कार' नै रहेछ। सरकार, प्रशासकदेखि नागरिकसम्म सवै उस्तै! उनीहरूको त्यो स्वभावका कारण सुरू-सुरूमा त मलाई पनि काम गर्न निकै गाह्रो भयो। तिनको त्यो बानी बुझेर सोहीअनुसार चल्न थालेपछि भने खासै कठिन भएन।

इण्डोनेसियाकै अर्को एउटा रमाइलो प्रसङ्ग छ। घर भाडामा लिनका निम्ति भौतारिइरहेको थिएँ। एउटा घर दोहोऱ्याएर हेर्न मन लाग्यो। हेर्न जाँदा अघिल्लो पटक भेटेकै घरबेटी देखिइन्। तर, अचम्म! उनी ढोका बन्द गरेर बेपत्ता पो भइन्। कुरेको निकै बेर भइसक्दा पनि उनी फर्किइनन्। अपमान गरिएको महसुस भयो मलाई। कति कुरिरहने भनिठानेर त्यहाँबाट हिँड्नै लाग्दा उनी देखापरिन्। त्यसपछि उनीसँग राम्ररी कुराकानी भयो; मोलमोलाई भयो। त्यसको यथार्थ त पछि पो थाहा पाएँ- आगन्तुकसँग भेट्दा अलि राम्रै लुगा लगाएर मात्र निस्कने त्यहाँको रीति रहेछ। त्यसैकारण हामीसँग भेट्न उनले ढिलो गरेकी रहिछन्।

नयाँ कर्मचारीका रूपमा कार्यालय प्रवेश गरें। स्वागत-सत्कार राम्रैसँग पाइयो। महिला हाकिम डा. मोना एकदमै मिलनसार र दक्ष रहिछन्। कसैको पनि चाकडी नगर्ने र कसैबाट पनि चाकडी नचाहने स्वभावकी रहिछन्। आफू पनि मजाले काममा खट्थिन् र कर्मचारीलाई पनि गजबले खटाउँथिन्। 'डा. खन्ना' भनेर हामीले सम्बोधन गर्दा पनि "डाक्टर-साक्टर भनिरहनु पर्दैन, मोना भने हुन्छ" भन्थिन्। स्पष्ट विचार र प्रष्ट दृष्टिकोण भएकी, दृढ र कर्तव्यनिष्ठ मोनाको कार्यशैली देखेपछि 'निहित स्वार्थविना काम गऱ्यो भने जो-कसैले पनि मान-सम्मान पाउने रहेछ' भन्ने अनुभूति भयो।

विदेशको ठाउँ, अन्तर्राष्ट्रिय संस्थाको जागिर। महिला हाकिमबाट आफ्नो के-कस्तो मूल्याङ्कन हुने हो भन्ने लागिरहेको थियो। एक तह माथिल्ला अधिकृतले आफू मातहतका प्रत्येक कर्मचारीको वार्षिक मूल्याङ्कन गरेर 'पर्सनल एप्रेजल रिपोर्ट' तयार पार्ने डब्ल्यूएचओको प्रचलन छ। मेरो मातहतका कर्मचारीको मूल्याङ्कन मैले गर्नुपर्थ्यो; मेरो मूल्याङ्कन डा. मोनाले गर्नुपर्थ्यो। तर, मेरो पर्सनल रिपोर्ट यसअघिका पुरूष हाकिमले लेखेभन्दा कमजोर थिएन, बरू अझै राम्रो थियो। कामबाट चित्त बुझाउन सकेछु भनेर सन्तोष लाग्यो।

डा. मोनाको मातहत म मात्र होइन, अरू विभिन्न मुलुकका अनेकौं कर्मचारी थिए। कुनै पनि स्टाफले उनीविरूद्ध कुरा काटेको वा नकारात्मक टिप्पणी गरेको सुनिएन। कार्यालय परिसरमा चुरोट पिउन उनले निषेध गरेकी थिइन्, त्यसैले बाहिर बसेर चुरोट तान्दै 'भित्र त डाक्टर मोना छिन्' भन्दथे साथीहरु।

म कार्यरत विश्व स्वास्थ्य सङ्गठनसहित संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका सम्पूर्ण कार्यालयहरु राजधानी सहर जाकर्ताको बीचमा अवस्थित जलान थामरिनस्थित एउटै कम्प्लेक्समा थिए। जाकर्ता ठाउँचाहिँ विकसित, भव्य, सुन्दर र रमाइलो लाग्यो। म त्यहाँ पुग्दा प्रतिव्यक्ति आय छसय डलर मात्रै थियो। पाँच वर्ष त्यहाँ काम गरेर म फर्कने बेलासम्ममा प्रतिव्यक्ति आय बढेर एक हजार डलर पुगिसकेको थियो। सुकार्नोको कार्यकालमाभन्दा सुहार्तोको कार्यकालमा त्यहाँको आर्थिक विकास बढी भयो र विदेशी सहयोग समेत बढ्यो।

त्यहाँस्थित तेह्र हजार टापुमध्येको एउटा टापु 'हिन्दूबाली' (राष्ट्रपति सुहार्तोको पालामा यसको नाम परिवर्तन गरेर 'बाली' मात्र बनाइयो) को नाम म त्यहाँ पुग्नुअघि नै मैले सुनेको थिएँ। मुस्लिम राष्ट्रमा 'हिन्दूबाली' टापु! नामअनुसार नै त्यहाँ हिन्दू-मुसलमानबीच काटाकाट-मारामार चलिरहन्छ होला भन्ने मेरो पूर्वानुमान थियो। तर, बिल्कुलै होइन रहेछ। धार्मिक एवम् जातीय विभेद कहीं-कतै देखिएन। एकदमै सहिष्णुता र समभाव रहेछ। बुर्का लगाएर हिँडेका महिला पनि देखिए; क्रिश्चियन वेशभूषाका मान्छे पनि थुप्रै भेटिए। हिन्दू-मुस्लिम, हिन्दू-क्रिश्चियन, मुस्लिम-क्रिश्चियनबीच सहजै बिहाबारी चल्दोरहेछ। अन्तर्सांस्कृतिक-अन्तर्धार्मिक द्वन्द्व र समस्या खासै देखिएन। एकदमै सहिष्णुता देखियो।

ठाउँ असाध्यै राम्रो। मान्छे पनि मिलनसार। त्यहाँको एउटा नराम्रो पक्षचाहिँ के रहेछ भने प्रत्येक डेरावालले तीन वर्षको घरभाडा पेश्कीकै रूपमा एकमुष्ठ अग्रिम बुझाउनुपर्ने। मर्मत-सम्भार गरिदिन्छु, सरसफाइ गरिदिन्छु, पानी-बिजुलीको व्यवस्था मिलाउँछु भनेर आश्वासन दिने तर पैसा पाइसकेपछि घरबेटीलाई देख्नै नपाइने! गायब भैदिने। उनीहरूको यस्तो कार्यचाहिँ मानवोचित व्यवहार लागेन मलाई। त्यही बसेर काम गर्न गएका भए तापनि हामी विदेशीहरु त एक किसिमले उनीहरूका पाहुना नै भयौं, ती घरमालिकहरुको व्यवहार भने 'अतिथि देवो भवः' भन्ने भावनाअनुकूल नभएको अनुभूति भयो।

इण्डोनेसियाको अर्को नराम्रो पक्षचाहिँ त्यहाँ हुने अत्यधिक ट्राफिक जाम रहेछ। ट्राफिक जामले नै धेरै समय बर्बाद पार्दो रहेछ। मेरो निवासबाट अफिस करिव तेह्र किलोमिटर मात्रै टाढा थियो। बिहानै छ बजेतिर गए १०-१५ मिनेटमै पुगिन्थ्यो तर कार्यालय समयमा हिँड्दा भने एक-दुई घन्टा नै लाग्थ्यो। जाममा फस्दाको छटपटीबाट मुक्त हुन र काम समेत भ्याउनका लागि धेरैजसोले अफिसको फाइल घरै बोकेर जान्थ्यौं; जाममा फसेपछि मोटरमै बसेर काम गर्थ्यौं।

मैले सुने र देखेअनुसार इण्डोनेसियामा जम्मा तीन वटा मात्र राजनीतिक दललाई सरकारी मान्यता छ। ती हुन्- सुहार्तोका समर्थकहरुको 'गोलकर' पार्टी, मुस्लिमहरुको 'पीपीपी' र 'इण्डोनेसियन नेसनालिस्ट पार्टी'। जनरल सुहार्तो राष्ट्रपति बनेपछि 'न्यु अर्डर' मार्फत पार्टीहरूको सङ्ख्या घटाएर तीनवटा मात्रै कायम गरिएका हुन्; त्यसअघि अरू पनि स-साना पार्टी अस्तित्वमा थिए। त्यहाँ चुनावका बेला समेत एकै दिन सवै दलले राजनीतिक कार्यक्रम र जुलुस-सभा-सम्मेलन गर्न पाइँदैन। बारका आधारमा हरेक दललाई छुट्टाछुट्टै दिन तोकिन्छ; एउटाले कार्यक्रम गरेका दिन अर्कोले गर्न पाउँदैन/गर्दैन। शान्ति-सुव्यवस्था कायम राख्न, झै-झगडा हुन नदिन र जनताका दैनन्दिन क्रियाकलापमा बाधा पर्न नदिनका निम्ति त्यसो गरिएको रहेछ।

समकालीन नेपालमा 'राजनीति', राजनीति नभई 'पेसा' वा 'व्यवसाय' बन्न पुगेको देखिँदैछ। यहाँका सवै पार्टीमा निकम्मा अवसरवादीहरूले कब्जा जमाएका छन्; स्वार्थसिद्धिकै लागि थरीथरीका पार्टी खुलेका छन्। राजनीतिमा तिनीहरुले ल्याएका विकृति देख्दा/भोग्दा त योभन्दा बरू सुहार्तोले अभ्यास गरेजस्तो 'गाइडेड डेमोक्रेसी' नै पो राम्रो हो कि भनेजस्तो पनि लाग्दछ। जहाँसम्म प्रजातन्त्र या लोकतन्त्र, मानवअधिकार आदिजस्ता आधारभूत मौकिक हकका कुरा छन्, त्यस सन्दर्भमा मेरो भनाइ हो- 'अधिकार' त 'कर्तव्य' बुझ्नेले मात्र न प्रयोग गर्न सक्छ! कर्तव्य नै नबुझ्ने/बुझ्न नचाहनेलाई केको अधिकार ?

करिव पाँच वर्ष म त्यहाँ रहँदा जुलुस-हडताल एउटै देखिएन। शरणार्थी समस्याबारे हो या के हो, राष्ट्रसङ्घको कार्यालयमा ज्ञापनपत्र बुझाउने टोलीचाहिँ एक पटक देखियो। "लौ जुलुस आयो, ठूलो आयो" भन्दै हल्लाखल्ला चल्यो; यसो हेरेको त सय जना पनि रहेनछन्। सुहार्तोले कडा दमन गरेर कम्युनिस्टहरूलाई दबाए पनि विकास, समृद्धि र रोजगारी दिएर जनतालाई सन्तुष्ट राख्न सकेको देखियो; कामचाहिँ गरेकै पाइयो।

सन् १९५७-५८ तिर त्यहाँको वार्षिक प्रतिव्यक्ति आय ५० डलर मात्रै थियो। त्यसैले तत्कालीन राष्ट्रपति सुकार्नोले खुला आह्वान नै गरेको मैले कतै पढेको थिएँ- "अर्थमन्त्री बन्न चाहनेले दावी गर्नुहोस्, तत्काल नियुक्त गरिन्छ तर उहाँले यहाँको गरिबी हटाएर अर्थतन्त्र उकास्न सक्नुपर्छ; यदि त्यसो गर्न नसके मृत्युदण्ड समेत दिन सकिनेछ !"

यो अवस्थाबाट यति छिटै समृद्ध राष्ट्रका रूपमा फड्को मार्न सक्नु इण्डोनेसियाको चानचुने प्रगति होइन। त्यहाँ विदेशी सहायता पनि लिइन्छ, तलदेखि माथिसम्म जताततै घुसखोरी पनि चल्छ। नातावाद-कृपावाद पनि मनग्गे हुन्छ। राष्ट्रपति सुहार्तोकै श्रीमतीलाई त्यहाँका जनताले उपनाम राखिदिएका छन्- 'मिसेज टेन पर्सेन्ट'! किनकि, उनले दस प्रतिशत घुस खाएर जुनसुकै काम गराउँछिन् भन्ने जनधारणा रहेछ। राष्ट्रपतिका छोरा र छोरीले घुस खाएका खबरहरु पनि यत्रतत्र सुनिए। तर, नेपालजस्ता विभिन्न देशमा बजेटको ८० प्रतिशत घुस या भ्रष्टाचारका रूपमा खाइदिएर २० प्रतिशत मात्रै सम्बन्धित काममा लगाइन्छ भने त्यहाँचाहिँ ८० प्रतिशत सम्बन्धित काममा खर्च गरेर २० प्रतिशत मात्रै घुस खाने या भ्रष्टाचार गर्ने गरिँदो रहेछ। यति मात्रै फरक पर्छ हुँदा पनि विकास र प्रगतिमा ठूलै फरक पर्दो रहेछ!


इण्डोनेसियाको अनुभवबाट मेरो निष्कर्ष के हो भने दमन र 'कु' गरेर सत्तामा आए तापनि त्यहाँका शासकलाई राष्ट्रभक्त नै मान्न सकिन्छ। सत्तामा जसरी आए पनि र जो आए पनि सकारात्मक सोच भएको; राष्ट्र र जनताको माया भएको; विकास, प्रगति र समृद्धिको मार्गचित्र बोकेको बलियो व्यक्तित्व र सशक्त नेतृत्व आउनु आवश्यक रहेछ। गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षाजस्ता आधारभूत आवश्यकता पूरा भएमा जनता उत्साहित हुन्छन्। अनेकथरी 'वाद', 'प्रजातन्त्र',

क्रमशः चौथो पृष्ठमा

# पञ्चतत्त्व : आपसी नियन्त्रण र सन्तुलन

**विचार-विश्लेषण**

डा. डीबी सुनुवार



पञ्च-तत्त्वहरु एक-आपसमा अन्तर्सम्बन्धित छन् । यदि यी एकापसमा अन्तर्सम्बन्धित नहुने भए ब्रह्माण्डको अस्तित्व नै सम्भव हुने थिएन । आकाशले हावा उत्पन्न गर्छ, जसलाई 'वायु' का नामले चिन्न थालियो । हावाको प्रवाहकै कारण पानीको उत्पत्ति हुन्छ । पानीको मन्थन तथा हलचलकै कारण पृथ्वीको आकार बनेको मानिन्छ ।

पूरै पृथ्वीमा तीनमध्ये दुई भाग पानी छ र एक भाग मात्र जमिन छ । पृथ्वीले हावालाई न्यानो बनाएर ताप उत्पन्न गर्छ । खालि भागमा घर्षण उत्पन्न हुँदा तापको उत्पत्ति हुन्छ । तापको अस्तित्व खालि आकाशमा अन्तर्निहीत हुन्छ । यदि खालि भाग नहुँदो हो त ताप पनि सम्भव हुँदैनथ्यो । त्यसैले ब्रह्माण्डमा खालि भागका रुपमा रहेको आकाश तत्त्व प्रभावकारीरुपमा अस्तित्वमा छ ।

खालि भाग शरीरका लागि पनि आवश्यक हुन्छ । आवश्यकताभन्दा धेरै असमटेस हुने गरी खाना खानु हुँदैन किनकि पेटमा केही भाग खालि नहुँदा अस्वस्थता निम्तन्छ । आवश्यकताभन्दा बढी खानपान गरिएमा पाचन प्रणालीले राम्रोसँग काम गर्दैन र खाना पचाउन मुस्किल पर्छ । यसर्थ, कहिलेकहीं पूरै पेट र सबै समय पेटको केही भाग खालि राख्नु स्वास्थ्यका निम्ति अत्यावश्यक हुन्छ । यसरी हेर्दा पेटभित्र समेत 'आकाश' तत्त्व अर्थात् खालि ठाउँको महत्त्व हुन्छ । 'उपवास' अर्थात् 'ब्रत' लाई पनि पेट खालि राख्ने उपक्रमकै उदाहरणका रुपमा लिन सकिन्छ । विभिन्न समयमा उपवास बस्नाले पेट खालि हुन्छ र स्वस्थ रहन मद्धत पुग्छ । उपवासलाई 'उपवास चिकित्सा' का रुपमा समेत अभ्यास गर्ने प्रचलन बढ्दै गएको छ । लाभ भएकाले नै यो विधिको अभ्यास बढ्दै गएको हो ।

जसरी पञ्च-तत्त्व एक-अर्काप्रति अन्तर्सम्बन्धित छन्, त्यसैगरी पञ्च-तत्त्व एक-अर्कासँग आश्रित एवम् एक-अर्काद्वारा नियन्त्रित समेत छन् । जसरी पञ्च-तत्त्वमध्येको एउटा तत्त्वले अर्को तत्त्व उत्पन्न गर्छ, त्यसैगरी एक तत्त्वले अर्को तत्त्वलाई नियन्त्रण पनि गर्दछ । यो प्रक्रिया ब्रह्माण्ड-चक्रका लागि अत्यावश्यक नै छ ।

सारतः पञ्च-तत्त्व एक-अर्काका परिपूरक छन् । अर्थात्, यी तत्त्व 'शक्ति पृथकीकरण' को सिद्धान्तमा आधारित छन् । नियन्त्रण र सन्तुलन ('चेक एन्ड ब्यालेन्स') को सिद्धान्तअनुसार नै पञ्च-तत्त्वले एक-अर्काबीच स्वनियमनमा रहेर प्राकृतिकरुपमै अर्थात् स्वचालित हिसाबले काम गरिरहेका हुन्छन् ।

पञ्च-तत्त्वमध्येको कुनै एउटा तत्त्वले 'गडबडी' गर्न खोजेमा अर्को तत्त्वले नियन्त्रण गर्नु पञ्च-तत्त्वको प्राकृतिक नियम हो । एक तत्त्वले अर्को तत्त्वलाई नियन्त्रण गर्ने क्रममा तापले पृथ्वीलाई नियन्त्रण गर्छ; पृथ्वीले पानीलाई नियन्त्रण गर्छ; पानीले हावालाई नियन्त्रण गर्छ; हावाले आकाशलाई नियन्त्रण गर्छ र फेरि आकाशले तापलाई नियन्त्रण गर्दछ । पञ्च-तत्त्वहरु स्वतन्त्ररुपले तथा एकापसमा अन्तर्सम्बन्धित रहेर यसरी प्राकृतिकरुपमै स्वनियमन तथा स्वनियन्त्रण नहुने भए न पञ्च-तत्त्वको अस्तित्व रहन्थ्यो न त ब्रह्माण्डकै अस्तित्त्व सम्भव हुन्थ्यो । ब्रह्माण्डकै अस्तित्त्व नभहुँदा प्राणी तथा वनस्पतिलगायतका सजीवको अस्तित्वको त कल्पना समेत हुन सक्दैनथ्यो ।

पञ्च-तत्त्वको सिद्धान्त मानिसको शारीरिक तथा मानसिक संरचनासँग प्रत्यक्षरुपमा अन्तर्सम्बन्धित छन् । पञ्च-तत्त्वको सिद्धान्तअनुसार मानव शरीरलाई ब्रह्माण्डभित्रको एउटा 'बेग्लै पञ्च-तत्त्व' मान्न सकिन्छ ।

मानिसको शारीरिक तथा मानसिक संरचनालाई ब्रह्माण्डभित्रको एउटा पञ्च-तत्त्व मानेर हेर्दा स्नायु प्रणाली शरीरभित्रको आकाश तत्त्व हो; स्वास-प्रश्वास प्रणाली हावा तत्त्व हो; रक्तसञ्चार र प्रजनन प्रणाली पानी तत्त्व हो; माङ्शपेशी तथा अस्थिपञ्जर प्रणाली पृथ्वी तत्त्व हो र पाचन एवम् ग्रन्थी प्रणाली ताप तत्त्व हो भनेर मान्न मानिन्छ ।

जसरी पञ्च-तत्त्वले ब्रह्माण्डभित्र एकापसमा मिलेर काम गरिरहेका छन्, ठीक त्यसैगरी शरीरभित्रका पञ्च-तत्त्वरुपी अङ्ग अर्थात् प्रणालीले पनि प्राकृतिकरुपमै एकापसमा मिलेर नै काम गरिरहेका हुन्छन् । यसैकारण सिङ्गो शारीरिक संरचना तथा 'आत्मा' सम्भव भएको हो ।

शारीरिक संरचनाका पञ्च-तत्त्वले एकापसमा मिलेर यसरी काम नगर्ने हो भने शारीरिक प्रणाली एवम् प्राकृतिक प्रणाली यसरी स्वचालित ढङ्गबाट चल्ने कल्पना समेत गर्न सकिँदैनथ्यो । शरीरका यी तत्त्वले एकापसमा मिलेर स्वचालित ढङ्गबाट आ-आफ्नो प्रणाली सञ्चालन नगर्दा शारीरिक संरचना मृत हुन पुग्छ ।

यही यथार्थतालाई हृदयङ्गम गरेर पञ्च-तत्त्व विधिबाट गरिने उपचार पद्धति नै होलिस्टिक अवधारणाअन्तर्गतको उपचार-सूत्र हो । यो सूत्र अपनाउँदा एकातिर रोग लाग्नबाटै बचेर स्वस्थ रहन सकिन्छ भने अर्कातिर रोग लागी नै हाले तापनि उपचार प्रक्रिया समेत धेरै हदसम्म सहज हुन्छ ।

**'ब्याक टु नेचर'**

मानिसलगायत सबै प्राणीहरुको शारीरिक संरचना र 'मन' वा 'आत्मा' दुवै प्रकृतिमै आधारित एवम् आश्रित छन् र यी दुवैले प्राकृतिक जीवनशैली नै रुचाउँछन् । मानव शरीरको बनोट नै प्राकृतिकरुपमा भएकाले शरीरका प्रत्येक प्रणालीहरु प्राकृतिकरुपमै रम्न चाहन्छन् । शरीरले जहिल्यै आरामदायी वातावरण खोज्दछ । शरीर यति अल्छी छ कि प्रायः कामै नगरी जीवन बिताउन चाहन्छ ।

तर, मस्तिष्क भने शरीरभन्दा फरक प्रकृतिको हुन्छ । शरीरले सधैं आराम चाहे तापनि मस्तिष्क भने सधैं सक्रिय रहन चाहन्छ/सक्रिय रहन खोज्दछ । मस्तिष्कले जहिल्यै नयाँ-नयाँ विषय खोजिरहन्छ; नयाँ-नयाँ जानकारी लिइरहन चाहन्छ । मस्तिस्क सधैं सिर्जनशील हुन्छ । मस्तिष्क सिर्जनशील तथा सक्रिय हुने भएकै कारण शरीरले आराम खोजे तापनि मानसिक दबावका कारण निरन्तर सक्रिय नभई धरै पाउँदैन ।

शारीरिक प्रणालीलाई सक्रिय गराइराख्न मस्तिष्क प्रणालीले

क्रमशः चौथो पृष्ठमा



# रुकुम पूर्वको हिमाली भेगमा हिमपात

**रुकुम पूर्व ।** रुकुम पूर्वको हिमाली भेगमा हिमपात भएको छ। जिल्लाको हिमाली तथा उच्च लेकाली भेगमा गए रातिदेखि हिमपात भएको हो ।

पुथा उत्तरगङ्गा गाउँपालिकाको अधिकांश क्षेत्र तथा भूमे गाउँपालिका-१ र सिस्ने गाउँपालिका-१ वडामा अहिले हिमपात भइरहेको छ ।

विगत वर्षामा यो समयमा चौथो, पाँचौं पटकसम्म हिमपात भइसक्थ्यो । लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम (पूर्व) मा यस वर्ष भने माघको १० गते पहिलो पटक हिमपात भएको हो । हिमपात भएपछि चिसो निकै बढेको छ । चिसोका कारण जनजीवन कष्टकर बनेको पुथा उत्तरगङ्गा गाउँपालिका-१ मैकोटका तेजकुमार गुरुङले जानकारी दिनुभयो । जिल्लाको तल्लो क्षेत्रमा पनि हिमपात भइरहेको छ ।

# भूकम्पबारे सदनलाई जानकारी गराउन पाण्डेको माग

**काठमाडौं ।** नेपाली कांग्रेसका सांसद बद्रीप्रसाद पाण्डेले आज अपराह्न पश्चिम नेपाललाई केन्द्रविन्दु बनाएर गएको भूकम्पका बारेमा सदनलाई जानकारी गराउन माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा समय माग गर्दै उहाँले भूकम्पले क्षतिका बारेमा जानकारी गराउन सरकारलाई रुलिङ गर्न सभामुखलाई आग्रह गर्नुभयो ।

दिउँसो २ बजेर ४३ मिनेट जाँदा बाजुराको मेला केन्द्रविन्दु भएर ५ दशमलव ९ रेक्टर स्केलको भूकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ ।

# बाजुरामा ५ दशमलव ९ म्याग्निच्युटको भूकम्प

**बाजुरा ।** आज दिउँसो सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला केन्द्रविन्दु भएर पाँच दशमलब नौ म्याग्निच्युटको भूकम्प आएको छ ।

अपराह्न २:४३ बजे आएको भूकम्पको झट्काका कारण कैलालीमा पनि घरभित्र रहेका व्यक्ति बाहिर निस्किएका थिए । प्रदेशको राजधानी धनगढीमा पनि भूकम्पको ठूलो झट्का महसुस गरिएको थियो ।

सुर्खेतस्थित भूकम्पमापन केन्द्रका सूचना अधिकारी तीर्थराज दाहालले आज अपराह्न २:४३ बजे बाजुराको मेला आसपास केन्द्रबिन्दु भएको पाँच दशमलब नौ म्याग्निच्युटको भूकम्प गएको जानकारी दिनुभयो । भूकम्पको धक्काबाट पुगेको क्षतिको विवरण आउन बाँकी छ ।

# संसद्लाई जनताका समस्या समाधानको थलो बनाउनुपर्छ : पाण्डे

**काठमाडौं ।** नेकपा (एकीकृत समाजवादी)का नेता राजेन्द्रप्रसाद पाण्डेले जनप्रतिनिधिमूलक संस्था संसद्लाई जनताको समस्या समाधान गर्ने थलोका रूपमा विकास गर्नुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै उहाँले भन्नुभयो, "सदनको नेतृत्वले निष्पक्ष र तटस्थ भूमिका निर्वाह गरेर संसद्लाई रसपूर्ण बनाउनुपर्छ, त्यसतर्फ सभामुखको ध्यान जानुपर्छ ।"

बैठकमा बोल्दै जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतले सभामुखले जनताको आवाज मुखरित गर्ने संसद्मा दलहरूलाई विभेद गर्ने गरिएको पाइएको जनाउँदै दलहरूलाई उपयुक्त अवसर उपलब्ध गराउन माग गर्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका रामप्रकाश चौधरी, नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरी, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, प्रभु साह र योगेन्द्र मण्डलले सभामुख उपसभामुखलाई बधाई तथा शुभकामना दिनुहुँदै संसद्लाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही माघ १८ गते बुधबार अपराह्न १ बजे बस्नेछ ।

# शव अत्यधिक जलेका कारण पहिचानमा समस्या

**काठमाडौं ।** पोखरा हवाई दुर्घटनामा मृत्यु भएकामध्ये अझै १४ जनाको शव पहिचान हुन बाँकी रहेको छ । काठमाडौं ल्याएकामध्ये १४ जनाको शव पहिचान हुन बाँकी रहेको त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालका फरेन्सिक मेडिसिन विभागका प्रमुख डा गोपालकुमार चौधरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार ती शव अत्यधिक जलेको हुनाले फरेन्सिक विधिबाट शव पहिचान हुन समस्या भएको हो । "ती शव अत्यधिक रूपमा जलेको हुनाले हामीलाई फरेन्सिक विधिबाट शव पहिचान गर्न समस्या भएको छ", उहाँले भन्नुभयो, "आज साँझसम्म पनि हामी शव पहिचान गर्ने कोसिस गर्दछौं ।"

उहाँका अनुसार फरेन्सिक विधिबाट शव पहिचान गर्न नसकेमा 'डिएनए' परीक्षणबाट पहिचान गरिने छ । नेपाल प्रहरीको प्रयोगशालामा ती शवको डिएनए परीक्षण गरिने विभागका प्रमुख डा चौधरीले बताउनुभयो । डिएनए परीक्षणबाट शव पहिचान गर्नका लागि कम्तीमा २२ दिन लाग्ने उहाँले जानकारी दिनुभयो ।

फरेन्सिक जाँचका लागि काठमाडौं ४८ शव ल्याइएको थियो । यस्तै पोखरामा २२ जना फरेन्सिक जाँच गरिएको छ । यही माघ १ गते काठमाडौंबाट पोखरातर्फ गइरहेको यती एयरलाइन्सका जहाज सेती नदीको खोँचमा दुर्घटना भएको थियो । दुर्घटनामा चार चालक दलका सदस्यसहित ७२ जनाको निधन भएको थियो ।

# राष्ट्रिय सहमतिको वातावरण बनाउन वरिष्ठ नेता पौडेलको आग्रह

**काठमाडौं ।** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मुलुकमा व्याप्त समस्या समाधान लागि दलहरूबीच सहमति, सहकार्य र राष्ट्रिय एकताको खाँचो रहेको बताएका छन् । वरिष्ठ नेता पौडेलले प्राप्त राजनीतिक उपलब्धिलाई चुनौती दिने तत्व अझै जुर्मुराइरहेको उल्लेख गर्दै संविधान ल्याउन लागेको दलहरू प्राप्त उपलब्धि जोगाउन एक ठाउँमा हुने की नहुने ? भन्ने प्रश्न आमरूपमा उठेको चर्चा गरे । 'कांग्रेस र कम्युनिस्ट मिलेर नेपालमा प्रजातन्त्र र लोकतन्त्र आएको हो, अब त्यसलाई रक्षा गर्न कांग्रेस र कम्युनिस्ट एक ठाउँमा हुने की नहुने ?' वरिष्ठ नेता पौडेलको प्रश्न थियो ।

दलहरूको विभाजित मानसिकताबाट लोकतन्त्र जकडिएको उल्लेख गर्दै पौडेलले लोकतन्त्रलाई जोगाएर अगाडि लैजान सहमतिको आवश्यकता रहेको बताए । 'सामाजिक, सांस्कृति मूल्यको स्खलन डरलाग्दो छ । यसबाट मुक्त हुन एक हुने कि नहुने' उनले थपे 'निरासाका घन्टीहरू बढिरहेका छन्, नकारात्मक प्रवृत्ति आइरहका छन्, ती असन्तुष्टिलाई सम्बोधन गर्ने दायित्व हाम्रो हो कि होइन ?'

पछिल्ला समय मुलुकमा राजनीतिक नेतृत्वको अभाव र राष्ट्रिय आत्मविश्वासको अभाव हुँदै गएको महसुस हुन थालेको उनको भनाइ थियो । 'सत्ताको राजनीतिको दबदबा, निष्ठाको राजनीतिक किनारा लाग्दै गएको छ । निष्ठाको राजनीतिलाई जोगराउन एकताको खोजी गर्नुपर्नेछ' उनले भने 'नेतृत्वले विश्वास गुमाएको अवस्था हो । त्यसलाई महसुस गरौं ।' सकारात्मक सोच, सहमति, सहकार्यको सोचबाट मात्रै राष्ट्रिय नेतृत्व प्राप्त हुनसक्ने उनको विश्वास थियो ।

उनले प्रतिधिसभाको बैठकमा नवनिर्वाचित सभामुख र उपसभामुखलाई बधाई एवं शुभकामना दिँदै मुलुकलाई अप्ठ्यारो परेको अवस्थामा सबै दल एक हुनुपर्ने आवश्यकतातर्फ औंल्याए । मुलुकको कमसल आर्थिक अवस्था, भूराजनीतिक दबाब, सुशासनको कमजोर अवस्थालाई सुधार तथा शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न दलहरूबीच गहिरो एकताको खाँचो रहेको बताए ।

'राष्ट्रिय सहमति गरौं, सबैले मिलेर राष्ट्रनिर्माण गरौं, देशलाई एकताबद्ध बनाउन सबै एक ठाउँमा जुटौं' पौडेलको भनाइ थियो, 'नेपालको आकाशबाट निरासाको कालो बादल हटाउन राष्ट्रिय सहमतिको वातावरण बनाऔं ।'

आफू जहिले पनि राष्ट्रिय सहमतिको पक्षमा रहेको छजिकिर गर्दै पौडेलले देशलाई अप्ठ्यारो परेको अवस्थामा सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिए । 'देशमा सुशासनको आवश्यकता छ । अहिले कुशासन व्याप्त छ । हामीले शासनप्रणाली विकेन्द्रित गऱ्यौं, तर भ्रष्टाचार तलसम्म गएको छ' नेता पौडेलले भने- 'एउटा दलको आड लागेर भ्रष्टाचारी जोगिने अवस्था छ । त्यसलाई निरुत्साहित गर्न सबै दल एक ठाउँमा उभिनु जरुरी छ । सुशासनका लीग एकताका आवश्यकता छ ।'

मुलुकको विकासका लीग आर्थिक स्रोतका कमी हुँदै गएको चर्चा गर्दै वरिष्ठ नेता पौडेलले अनुदान दिने प्रवृत्ति पनि कम हुँदै जाँदा मुलुकको विकास निर्माण प्रभावित हुनसक्ने खतरा रहेको औंल्याएका थिए । 'अर्थतन्त्र धान्न नसक्ने अवस्थातर्फ जाने देखिँदै छ । सामाजिक सुरक्षाको खर्च बढिरहेको छ' उनको भनाइ थियो 'यो खर्च कसरी उठाउने?, निर्मम शैली अपनाएर खर्च कटौती गर्नु जरुरी छ ।'

रेमिट्र्यान्सको भरमा मात्र मुलुक चल्न नसक्ने भन्दै उनले रेमिट्र्यान्सलाई उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने वावावरण बनाउन आग्रह गरे । 'रेमिमट्र्यान्सले कति दिन धान्छ ? रेमिटयान्स आउँछ उत्पादन क्षेत्रमा खर्च भइरहेको छैन । अनुत्पादन क्षेत्रमा खर्च भइरहेको त्यसलाई उत्पादन क्षेत्रमा मोड्ने कसरी?' उनले अगाडि भने 'त्यसका लागि सबै दलहरू एक हुनुपर्ने आवश्यकता छ ।'

लोकतन्त्र नै विधिको शासन भएको भन्दै उनले विधिको सशासनलाई सबैले मान्नुपर्ने बताए । सभामुखले पूर्वाग्रही विचारबाट जोगिएर निष्पक्ष रूपमा कार्यसञ्चालन गर्नुपर्नेमा नेता पौडेलको जोड थियो ।

## पञ्चतत्त्व : आपसी...

सधैं हुटहुटी जगाइरहेको हुन्छ । सिर्जनशील कामका लागि मस्तिष्कले शरीरलाई शक्रिय नगराउने हो भने शरीर सधैं अल्छी भएर अलमल्लमा परिरहन्थ्यो । यसरी मस्तिष्क र शरीर एकापसमा अन्तर्सम्बन्धित र परिपूरक छन् ।

शारीरिक तथा मानसिक सक्रियताकै कारण जीवनशैली चल्छ । सामान्य दैनिकीदेखि विभिन्न आविष्कारसम्मका कर्म र व्यवहारहरु शरीर तथा मस्तिष्कको संयुक्त सक्रियताकै परिणाम हुन् । शरीर र मस्तिष्कमध्ये कुनै एक अक्षम या दुर्बल भएमा जीवन नै अस्वस्थ र नीरस बन्न पुग्छ, जसका कारण सिर्जनशीलतामा गम्भीररुपले बाधा पुग्छ । यद्यपि मस्तिष्कलाई पनि आराम नचाहिने भने होइन । निश्चित समयसम्मको सक्रियतापछि मस्तिष्क पनि थकित हुन्छ । निदाउनु भनेको शरीर र मस्तिष्कलाई एकैसाथ आराम दिनु हो । निश्चित समय आराम गरिसकेपछि शरीर र मस्तिष्कको पुनर्ताजगी हुन्छ । शरीर र मस्तिष्कको पुनर्ताजगीपछिको दैनिकी सहज र स्वाभाविक बन्छ । यसर्थ, यी दुवै प्रणालीका निम्ति आरामको व्यवस्थापन गरिनुपर्छ ।

ब्रह्माण्डका सबै तत्त्वहरु प्राकृतिकरुपमा नै रहून् भन्ने चाहना प्रकृतिले राख्छ । तर, आधुनिक विज्ञानले भने मानवजातिको उन्नति-प्रगतिका लागि प्रकृतिमा 'विकास' गर्नुपर्ने मान्यता राख्छ । र, आधुनिक विज्ञानको चाहनाअनुसार नै विश्वभर अनेकौं खोज-अनुसन्धान तथा विकास भएका छन् । यस्तो विकासकै क्रममा मानिसले बसोवास गर्ने करोडौं-अर्बौं घर बनेका छन् । मानिसका लागि बन्ने घरहरुको विस्तारका क्रममा क्रमशः गाउँ तथा ठूलठूला सहरहरुको विकास हुँदै आएको छ ।

भौतिक विकासकै क्रममा आधुनिक र अत्याधुनिक एवम् सुविधायुक्त सवारी साधनमा गुड्नेदेखि हवाइजहाजमा उड्नेसम्मका सुविधा उपलब्ध छन् । कयौं मानिसले ठूला महल तथा घरहरुमा बसोवास गर्ने अभिलाषा राखेको देखिए तापनि शरीरले भने प्राकृतिक वातावरण नै खोजिरहेको हुन्छ । तर, आधुनिक सहरहरुमा पूर्णरुपले प्राकृतिक वातावरणको उपलब्धता सम्भव हुँदैन । परिणामतः ठूलठूला सहर तथा महलमा बस्ने प्रायः मानिसहरुको शरीर र मन हमेसा बेचैन रहने गरेको पाइन्छ ।

प्राकृतिक वातावरणलाई विनाश गरेर प्रकृतिलाई नै चुनौती दिंदै 'विकासको मूल' फुटाउँने क्रममा बिस्तारै प्रकृतिचाहिँ लोप हुँदै जान्छ/गइरहेको छ । तर, आखिर मानव जीवनलाई भने प्राकृतिक वातावरणकै आवश्यकता परिरहेको हुन्छ । प्राकृतिक वातावरणको विनास हुँदै जाने क्रममा अनेकौंखाले प्राकृतिक प्रकोपहरु र अनेकौं किसिमका रोग-व्याधिको जोखिम हुन्छ । परिणामतः प्राकृतिक वातावरणको अभावमा मानव जीवन नै गम्भीररुपले जोखिममा पर्छ ।

मानव जीवनका निम्ति प्राकृतिक वातावरणकै जरूरत पर्ने भएकाले आधुनिक विकास गर्ने सिलसिलामा त्यस्तो विकास सँगसँगै प्राकृतिक वातावरणको संरक्षणमा समेत उत्तिकै ध्यान पुऱ्याउनु आवश्यक छ । आधुनिक सहर मात्र बन्दा प्राकृतिक जीवनशैलीमा गम्भीररुपले बाधा पुग्ने हुँदा वस्तीको विकास गर्ने क्रममा प्राकृतिक वातावरणको संरक्षणमा उच्च सतर्कता अपनाउनै पर्छ ।

यही यथार्थतालाई हृदयङ्गम गरेर नै प्रकृतिलाई बेवास्ता गर्दै गएको मानवजाति फेरि पनि प्रकृतिप्रति सचेत हुँदै र प्रकृतितर्फ नै फर्कंदै जान थालेको पाइन्छ । पछिल्लो समय प्रकृतिको महत्त्वका विषयमा निकै चर्चा-परिचर्चा चल्न थालेका छन् । 'ब्याक टु द नेचर' (प्रकृतितिर फर्क) भन्ने मान्यताको सैद्धान्तीकरण हुँदैछ र यो दृष्टिकोण क्रमशः बलियो रुपमा स्थापित हुँदै जान थालेको छ । प्राकृतिक वातावरणको सामीप्यताविना मानवजीवन बच्दैन भन्ने कुराको अनुभूति क्रमशः बढ्दै जानु सबैका निम्ति खुसीको कुरा हो ।

## इण्डोनेसियामा काम गर्दाको...

'मानवअधिकार' इत्यादि त त्यसपछिका कुरा मात्र न हुन् । जनता उत्साहित हुँदा शान्ति-सुव्यवस्था कायम राख्न र शासन टिकाउन सकिन्छ । सकारात्मक उद्देश्यसहितको शासन टिकाउन सक्दा विकास र समृद्धिको बाटो खुल्छ । यही हो इण्डोनेसियमा देखे-भोगेको समग्र अनुभूति ।

इण्डोनेसिया त्यति ठूलो देश हो, जसको पूर्वदेखि पश्चिमसम्मको समय नै तीन घन्टा फरक पर्छ । तेह्र-चौध हजार टापु रहेको यस देशका विभिन्न ठाउँ, सडक र मान्छेका नाम हेर्दा पहिले हिन्दू धर्म-संस्कारबाटै प्रभावित भएजस्ता देखिन्छन् । जस्तै- प्रथम राष्ट्रपतिको नाम अहमद सुकार्नो, उनकी छोरीको नाम सुकार्नोपुत्री मेघावती; छोराको नामअघि पनि सुकार्नोपुत्र जोडिएको । त्यसैले यहाँ पनि परापूर्वकालमा हिन्दू धर्म-संस्कृतिकै प्रधानता थियो भन्ने अनुमान गर्न सकिन्छ । जाकर्ताको मुख्य स्थानमै महाभारतको युद्धमा कृष्ण सारथि भएको रथको चार घोडासहितको मूर्ति राखिएको छ ।


त्यसैगरी, उत्तरी इण्डोनेसियाको एउटा सहरमा भने रूखका जराका फर्निचर र सुन्दर कलाकृतिहरु बनाइँदा रहेछन् । र, त्यो ठाउँ तिनै फर्निचर र कलाकृतिका निम्ति प्रसिद्ध छ । माथि उल्लेख गरिसकियो कि 'हिन्दूबाली' टापुको नामबाट पछि सुहार्तोले 'हिन्दू' हटाएर 'बाली' मात्रै बनाइदिएका थिए । उक्त टापु समेत कला-शिल्पका दृष्टिले विश्वमै उच्चकोटीको देखियो । त्यहाँ अवस्थित प्रत्येक गाउँ फरक-फरक पेशा-सिल्पद्वारा विशिष्टीकृत रहेछन् । कुनै गाउँमा काठैकाठका कलाकृति र काठैकाठको पेशा; अर्को कुनै गाउँमा ढुङ्गैढुङ्गाका कलाकृति र ढुङ्गैढुङ्गाको पेशा; फेरि कुनै गाउँमा सुनै सुनका कलाकृति र सुनैसुनको पेशा ।

कलाकृतिमा पनि रामायणकालीन र महाभारतकालीन दृश्यहरु । राम-सीताका मूर्तिहरु । काष्ठकला र काष्ठमूर्तिहरु पनि असाध्यै राम्रा र तुलनात्मकरुपमा सस्ता पनि । केही मैले पनि किनें । उसो त निकै महँगा मूर्ति र कलाकृति पनि उपलब्ध छन् त्यहाँ । समग्रमा बाली सहर विश्वकै निकै राम्रा सहरहरुमध्येमा पर्छ । सुविधासम्पन्न होटलैहोटलले भरिएको छ त्यो सहर ।

इण्डोनेसियाको अर्को चर्चित सहर हो- बाङडुङ । पर्यटकीय दृष्टिले 'बाली' अन्तर्राष्ट्रियरुपमै चर्चित सहर हो भने राजनीतिक दृष्टिले त्यसैगरी चर्चित सहर हो- 'बाङडुङ' । सन् १९९५ मा बाङडुङमै सम्पन्न भएको 'अफ्रो-एसियन कन्फरेन्स' अर्थात् 'बाङडुङ कन्फरेन्स, १९९५' बाट 'पञ्चशीलको सिद्धान्त' प्रतिपादित भएको हो । चीनबाट चाउएनलाई, भारतबाट जवाहरलाल नेहरु, इजिप्टबाट कर्णेल नासिर, युगोस्लाभियाबाट मार्सल टिटो, नेपालबाट प्रोफेसर नरेशमान सिंहलगायतले सहभागिता जनाएको उक्त कन्फरेन्सले विशेषतः आफ्नो क्षेत्रका र सामान्यतः विश्वभरकै ठूला-साना तथा विकसित र विकासशील एवम् फरक-फरक राजनीतिक दर्शन, मूल्य-मान्यता, धर्म-संस्कृति-परम्परा भएका राष्ट्रहरुबीच सहअस्तित्व, समानता, भ्रातृत्व, सुसम्बन्ध, शान्ति र मैत्रीसम्बन्धी मान्यता स्थापित गरेको थियो ।

# असामाजिक बन्दैगएका सामाजिक सञ्जाल

**एकराज पाठक**




'विमान खसेको थाहा भएपछि लगत्तै घटनास्थलमा पुग्यौं । हामी धेरै स्थानीय थियौं । म कोही व्यक्तिलाई जीवितै उद्धार गर्न सकिएला कि भनेर जहाजमा च्यापिएका र बाहिर यात्रु खोज्न थालें । जहाजका केही पार्ट डिलसम्मै पुगेका थिए । मैले चाहिँ डिलबाट केहीलाई त जिउँदै निकालेको हुँ । बाहिर अरू पनि खसेका थिए । अरूस लाई पनि निकाल्न आउनु न भन्दा कोही आएनन् । सबै मोबाइलमा भिडियो खिचेर बसे । अझ मैले त तपाइँका बाबुआमा होलान्, दाजुभाइ होलान् आउनुस् न निकाल्न भनें । मेरो कुरा कसैले सुनेनन् । म एक्लैले सात जनालाई बाहिर निकालें । पछि उनीहरूलाई गण्डकी अस्पताल लगिएको सुनें, अहिले के भयो थाहा छैन ।'

जहाज खसेको दुःखद दुर्घटनाको पीडा त सबैमा छँदै नै थियो । त्यसमा पनि यी स्थानीयको बयानले धेरैको मन थप छियाछिया बनायो । यही माघ १ गते बिहान पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना भयो । त्यस दुःखद दुर्घटनामा परेर ७२ जनाले ज्यान गुमाए । बिहान विमान खसेपछि तत्कालै घटनास्थलमा पुगेका थिए स्थानीय । तीमध्येका एकको यस्तो बयान सुन्दा, पढ्दा मनै चसक्क बनायो । एकपछि अर्कोगरी अनलाइन समाचारमा जहाजमा रहेका यात्रुको शव भेटिँदै गएको खबरसँगै घटनास्थलबाट यी स्थानीयले प्रस्तुत गरेको यो दृश्यले धेरैलाई रुवायो ।

सुन्दै अपत्यारिलो लाग्ने यो दृश्यको वास्तविकता कसरी सम्भव छ ? नेपाली मन यतिविधि निर्दयी हुन सक्छ ? नेपाली समाजको यो नियतिको पछाडि आखिर के छ ? नेपाली समाजको सामाजिक पक्षको विकास कसरी भइरहेको छ ? अकल्पनीय यस्ता दृश्यहरू नेपाली समाजमा वास्तविकता बनेर किन र कसरी देखिँदैछन् ? प्रश्न समाजशास्त्रीहरूलाई गए पनि सोच्नुपर्ने अवस्था सबैको छ । तर हिजोआज सतहमा देखिएको एउटा उत्तर भने सामाजिक सञ्जाल नै हो । जसले यी अकल्पनीय कल्पनाहरूलाई पनि वास्तविक बनाई दिँदैछन् । यो र यस्तै अरू पनि कतिपय घटना दुर्घटना सुन्ने गरेका छौं जसको पछाडि सामाजिक सञ्जाल जोडिएर आउने गरेका छन् ।

हो, मानिसको हातमा मोबाइल नभइदिएको भए यो निर्दयता सम्भव थिएन होला । मोबाइलको भिडियो भाइरल बन्ने लत नबसकेको भए कसैले पनि यस्ता दृश्य खिचेर बस्न सक्दैनथ्यो । हुन त उनीहरूका सामु अरू बग्रेल्ती विषयहरू पनि होलान्, तर अबका दिनमा भने समाजशास्त्रीहरूले आफ्ना अनुसन्धानका समस्याका कथन (स्टेटमेन्ट अफ दी प्रब्लेम) सामाजिक सञ्जाल बनाउनुपर्ने देखिन्छ । सामाजिक सञ्जालमा चौबिसै घण्टा झुन्डिने लतले यो र यस्तै अरू के कति स्वरूप र मात्रामा नेपाली समाजलाई असामाजिक बनाउँदैछन् भनेर खोज्नुपर्ने दिन अब आएको छ । त्यसो भयो भने यस अनुसन्धानको निष्कर्षमा सामाजिक सञ्जालको सिर्जनात्मक र सही प्रयोग कसरी गर्ने भन्ने निस्कन सक्छ र त्यो सबैलाई काम लाग्न सक्छ । नेपाली समाजलाई पनि 'भिडियो भाइरल' को लतबाट बाहिर निकाली सिर्जनात्मकतातर्फ लैजान सक्छ । यसबाट सकारात्मक सोचमा र सत्य बक्ने बाटोतर्फ समाजलाई डोऱ्याउन सहज हुनेछ ।

अघिल्लो हप्ता राष्ट्रपति विद्या भण्डारी राष्ट्रपति निवास शीतल निवासबाट साझा यातायातको बिजुली बस चढेर ललितपुरका केही सम्पदाको भ्रमणमा जानुभयो । अघिपछि राज्यले दिएको सुविधाको लावालस्करमा यात्रा गर्ने राष्ट्रपति त्यस दिन सर्वसाधारणले चढ्ने बस चढ्नुभयो । के यो नराम्रो काम थियो ? एकातर्फ नागरिकले सधैं जसो चढ्ने साझा बस चढ्नुभयो जुन हिजोका दिनमा उहाँ पनि चढ्ने गर्नुहुन्थ्यो । अर्कातर्फ इन्धनमा शतप्रतिशत विदेशमा निर्भर हुनु परिरहेको हाम्रो जस्तो देशमा राष्ट्रपतिले बिजुली बस चढ्नुभयो र जसका कारण बिजुलीबाट चल्ने सवारीहरूको प्रचार पनि भयो । यसरी सकारात्मक रूपमा लिएर प्रचार गर्न पनि त सकिन्थ्यो, जसले समाजमा सकारात्मक सन्देशको ऊर्जा पनि प्रदान गर्दथ्यो । तर सामाजिक सञ्जालमा त राष्ट्रपतिले साझा बस चढ्नुलाई 'नाटक' सम्मको अर्थ लगाइयो र किन यस्तो गरेको भनेर दुष्प्रचार समेत गरियो ।

यतिमात्र नभएर राष्ट्रपति भण्डारीले बस चढ्दा र ओर्लंदा पिर्कामा टेक्नुभएको विषयको समेत जानाजानी गलत प्रचार गरियो । यसलाई पनि सामाजिक सञ्जालमा विभिन्न अर्थ लगाइयो । कतिले यसैलाई 'राष्ट्रपतिले भुइँमा टेक्न नहुने हो र ?' भनेर समेत अर्थ्याए । के सर्वसाधारणले साझा बसमा हिँड्दा यसरी नै पिर्कामा टेकेर उक्लिन्छन् त भनेर तुलना गरे । कतिपय सामाजिक सञ्जालको आशय यस्तो देखिन्थ्यो कि राष्ट्रपतिले पनि अरुले जे गरेका थिए त्यसै गर्नुपर्दथ्यो । यो कस्तो अमानवीय सोच हो ? कोही व्यक्ति बिरामी छ, उसको शरीरले हुँदैन र कुनै भौतिक वस्तुको सहारा लिनुपर्ने भएरै लिन्छ भने त्यसमाथि किन यसरी कठोर टिप्पणी गर्नु ? सामाजिक सञ्जालमा आउने यस्तै टीकाटिप्पणीहरू हेर्दा लाग्छ सामाजिक सञ्जाल नकारात्मक सन्देश प्रचार गर्न मात्र प्रयोग हुन्छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सवारी चढ्दा, ओर्लंदा या कुनै अग्लो स्थानमा उक्लनका लागि पिर्काजस्तो काठको वस्तु प्रयोग गर्नुहुन्छ । तर जबजब उहाँले पिर्काको प्रयोग गरेका तस्बिरहरू सार्वजनिक हुन्छन् त्यसपछि सामाजिक सञ्जालमा यस्ता टिप्पणी आउने गर्दछन् । राष्ट्रपति भण्डारीलाई करिब डेढ दशकअघि ब्लड क्यान्सर भएको थियो । भारतको एपोलो अस्पतालमा क्यान्सरको उपचारका क्रममा दिइने केमोथेरापीको स्टेरोइड औषधिले उहाँको कम्मरको जोर्नीमा खराबी देखिएकाले प्रत्यारोपण गरिएको जोरपाटीस्थित नेपाल अर्थोपेडिक अस्पतालका विशेषज्ञ डा कैलाश भण्डारी बताउनुहुन्छ । उहाँका अनुसार राष्ट्रपतिको हिपमा खराबी देखिएपछि मेटल 'हिप रिप्लेस्मेन्ट' गरिएको छ, यस्तो बिरामीले धेरै माथिसम्म खुट्टा उठाउनु हुँदैन, समस्या हुन्छ । त्यसैले उहाँ उक्लने र ओर्लने ठाउँ केही अग्लो या होचो छ भने त्यसका लागि 'सपोर्ट' राख्ने गरिएको हुनसक्छ । 'हिप रिप्लेस्मेन्ट' गर्ने मान्छेले माथिसम्म खुट्टा उठाउँदा प्रत्यारोपण गरिएको हिपले ठाउँ छोड्ने (डिस्लोकेट हुने) पनि हुनसक्छ । यसैकारण उहाँले गाडी चढ्ने र ओर्लने बेलामा पनि कुनै अग्लो वस्तुको सहायता आवश्यक पर्ने गर्दछ । कुनै पनि मानिसको शारीरिक अस्वस्थतामाथि निर्दयी भएर यसरी टिप्पणी गर्न मिल्छ ?

यस्तै नकारात्मक टिप्पणी नेपाली काग्रेसकी नेत्री डा आरजु राणा देउवाप्रति पनि केही अघि गरिएको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको लुम्बिनी आएका बेला उहाँ र प्रधानमन्त्री शेरबहादुर देउवाले बुद्ध भगवान्प्रति बसेर स्तुति गर्नुभएको थियो भने डा आरजुले भने उठेरै गर्नुभएको थियो । उहाँको पनि स्वास्थ्यमा समस्या भएकाले बस्न नमिल्ने भएर उभिएरै प्रार्थना गर्नुभएको थियो । तर त्यो तस्बिर मिडियामा आएपछि सामाजिक सञ्जालमा उहाँको आलोचना नै भयो । कतिपयले प्रधानमन्त्रीहरू बसिरहेका बेला डा आरजु किन उठेको भनेर प्रश्न मात्र गरे । यहाँसम्म कि कसैकसैले त उहाँ उठेको विषयलाई अशिष्टतासम्म भन्न पनि भ्याए । वास्तविकता के थियो र उहाँ के कस्तो समस्याले उठ्नुपरेको थियो भन्ने विषयको तथ्यमा धेरै पुगेनन् तथ्यहीन टिप्पणी मात्र गरिरहे ।

भनिन्छ, संसार छ र त सञ्चार छ । पहिले त संसार हुनुपर्छ नत्र केको सञ्चार गर्नु ? आज विश्वका मिडियामा सबै नागरिकको पहुँच पुग्न नसकेकाले होला सामाजिक सञ्जालको जन्म भएको । यसैले त संसारका मानिसलाई सञ्चारको जालोमा ल्याएको छ । अनि यही सञ्जालले नै यसका प्रयोगकर्ता सबै मानिसलाई सञ्चारकर्मी बनाएको छ । अहिले सञ्चारकर्मी हुनलाई पत्रकार नै हुनु पर्दैन, सामाजिक सञ्जाल भए हुन्छ । किनभने हरेक व्यक्तिले यसैबाट सञ्चार गरिरहेको छ । अर्को कुरा यो नागरिक पत्रकारिताको युग पनि हो । अहिले मानिसले सामाजिक सञ्जालबाट नै पत्रकारिता गर्न सक्ने भएको छ र कतिले गरेको पनि छ । त्यसो भए पत्रकारले यस्तो अमानवीय पत्रकारिता गर्न मिल्छ त ? के यसलाई नागरिक पत्रकारिता भन्न मिल्छ ? सामाजिक सञ्जाल भनेका व्यक्तिका पिर व्यथा र खुसी साट्ने तथा खानपिन र उठबसका तस्बिर राख्ने अनि बाँकी सबैजसो आलोचना नै गर्ने माध्यममात्र होइनन् भन्ने बहस हुनु जरुरी छ । जनताका चासोका सूचनाहरू आदानप्रदान गर्ने र बौद्धिक बहस गर्ने 'प्लेटफर्म' पनि हो यो ।

कतिपय देशमा सामाजिक सञ्जाललाई चुनावी अभियान चलाउने र राष्ट्रका लागि 'एजेन्डा' सेटिङ गर्ने सशक्त औजारका रूपमा प्रयोगमा नै ल्याइसकेका छन् । अघिल्लो दशक प्रजातन्त्रका लागि सुरु गरिएको क्रान्तिमा अरब वसन्त नाम दिनसक्ने हैसियत निर्माण गर्ने काम यिनै सामाजिक सञ्जालले नै गरेका थिए । किनभने मध्यपूर्वी देशहरूमा प्रजातन्त्रको बहार ल्याउन सामाजिक सञ्जालकै मुख्य भूमिका थियो । अहिले जनजीविकाका विषयदेखि सामुन्द्रिक तटमा बसेका मानिसहरूलाई सुनामी आउने सूचनाबाट बचाउने कामसम्मका लागि यिनै सामाजिक सञ्जालको सहायता लिने गरिएको छ । भारतमा त सूचनाको हकको प्रयोग गर्न सामाजिक सञ्जालबाट थालिएको अभियानले भ्रष्टाचार विरुद्धको अभियान नै सञ्चालन गऱ्यो र यही अभियानको उपजका रूपमा अरबिन्द केजरीवाल जस्ता नेता जन्मिए । त्यसैले हामीले पनि सामाजिक सञ्जालको प्रयोग देश र जनताका लागि यस्तै सिर्जनात्मक रूपमा गरौं । अहिले असामाजिक बन्दै गएका सामाजिक सञ्जाललाई यसैगरी छोड्यौं भने यसले हामी र हाम्रो समाजलाई सकारात्मक हुन नै सिकाउँदैन । अनि यस्तै दुरूपयोगबाट नै सिर्जना, धैर्यता र सत्य हराउँदै जाने खतरा दिनप्रतिदिन बढ्दै जानेछ ।

*(रासस फिचर सेवाबाट)*

## सरकारमै ढसमस्स...

विषय बन्ने' चेतावनी दिएका छन् । राष्ट्रियसभाको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले संघीयता र लोकतान्त्रिक गणतन्त्रका विरुद्ध बोल्ने अधिकार कसैलाई नभएको बताएका हुन् ।

बैठकमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९ माथिको छलफलमा सदस्यहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले बाहिर राजनीतिक दल र सांसद्लाई आफ्नो धारणा राख्ने अधिकार भए पनि मन्त्रिपरिषद्मै बसेर वर्तमान राजनीतिक व्यवस्थाका आधारभूत मान्यताविरुद्ध नै बोल्ने अधिकार नभएको स्पष्ट पारेका छन् ।

मन्त्रिपरिषद्मा नै रहेका एक मन्त्रीले सङ्घीय प्रणाली र लोकतान्त्रिक गणतन्त्रको विपक्षमा बोलेकामा सरकारको धारणा के हो भनी एक सांसद्ले राखेको जिज्ञासामा जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले भने- 'यस विषयमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ। यो स्पष्टीकरणको विषय हुन्छ। संघीयता र लोकतान्त्रिक गणतन्त्रविरुद्ध बोल्ने र प्रचार गर्ने अधिकार नैतिक र कानुनी रूपले पनि हुन सक्दैन ।'

संघीयता कार्यान्वयनमा देखिएका कमजोरी हटाएर अघि अगाडि बढ्न सरकार स्पष्ट एवम् तयार रहेको प्रधानमन्त्रीको भनाइ छ। संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक विशेषतासहितका विषयवस्तु संविधानको मूलभूत विषयभित्र पर्ने उल्लेख गर्दै नेपाली जनताको ठूलो त्याग र बलिदानबाट यो परिवर्तन प्राप्त भएको प्रधानमन्त्री प्रचण्डले स्मरण गरे । प्रदेश र स्थानीय सरकार सङ्घीय सरकारका इकाई नभएको भन्दै ती समन्वय र सहकार्यमा चल्ने संरचना भएको समेत प्रधानमन्त्री प्रचण्डले प्रष्ट्याए। संघीय लोकतान्त्रिक गणतन्त्रको पहिलो प्रधानमन्त्री, शान्ति सम्झौताका हस्ताक्षरकर्ता र परिवर्तनका बाहक भएकाले संघीयता र समानुपातिक र समावेशी कार्यान्वयन गर्ने चुनौतीपूर्ण अवसर आफूले पाएको प्रधानमन्त्री दाहालले बताए।

संघीयता कार्यान्वयनसम्बन्धी ऐन बनाउने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री दाहालले खर्चिलो र भड्किला क्रियाकलापले संघीय प्रणालीकाविरुद्ध जनमत बनाउन मलजल गरेको उल्लेख गरे। उनले प्रदेशका मन्त्रालय एवं अन्य अनावश्यक संरचना हटाएर खर्च घटाउने तथा कानुन र विकास निर्माणका काम बढाउने विश्वास दिलाए। संघीयता कार्यान्वयनका क्रममा भएको केही ढिलाइ तथा अरुचिका कारण केही समस्या देखा परेको चर्चा गर्दै प्रधानमन्त्रीले सोही कारण संघीयता विरोधी प्रवृत्तिलाई बढवा दिने काम गरेको बताए।

संघीयता कार्यान्वयनका क्रममा देखिएको कमजोरीलाई हटाएर नयाँ गति दिने र त्यसका लागि संघीय निजामति ऐन, संघीय शिक्षा ऐन, प्रहरीलगायतका अन्य ऐनलाई गति दिने प्रधानमन्त्रीको भनाइ थियो। संघीयता र समानुपातिक लोकतन्त्र निकै ठूलो बलिदानबाट प्राप्त उपलब्धि भएको तथ्य पेस गर्दै प्रधानमन्त्रीले संविधानसभा मार्फत् स्वीकार गरेको विषयमा देखिएका कमजोरी सुधार गर्दै अगाडि जानुको विकल्प नभएको बताए।

प्रधानमन्त्री दाहालले लोकतन्त्र र गणतन्त्रको बारेमा बहस र विवाद चल्दै आएको विश्लेषण गर्दै राजनीतिक वृत्त र समाजमा एकरूपता नभए पनि आन्दोलनका बलमा बनेको माहोलले राजनीतिक वृत्तमा झन्डै सर्वसम्मत जस्तै भएको स्मरण गरे। संविधानतः संघीय प्रणाली तथा समावेशी समानुपातिक प्रतिनिधित्वका बारेमा उनले यसका पक्षधरले प्रश्न उठाउनु नैतिक र कानूनी रूपले पनि नमल्ने स्पष्ट पारेका थिए।

'यसलाई कार्यान्वयन हुन नदिन तथा प्रभावित पार्ने विषय नैतिक र राजनीतिक हिसाबले पनि सह्य हुँदैन' प्रधानमन्त्री दाहालको भनाइ थियो।

आफूहरू खोजेको संघीयता अधिकार, साधनस्रोतको समुचित बाँडफाँट भएको उल्लेख गर्दै प्रधानमन्त्रीले त्यसमा रहेको कमजोरी हटाउन आफू प्रतिबद्ध भएर लागिपर्नेमा जोड दिए। राष्ट्रियसभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले नेपाल सरकार र सरोकारवाला निकायलाई कार्यान्वयनका लागि २०७९ कात्तिक महिनामा दिएका सिफारिसलाई सरकारले कार्यान्वयनमा उच्च प्राथमिकता दिएको प्रधानमन्त्रीको भनाइ थियो।

संघीयता कार्यान्वयनका लागि सरकार समक्ष पेस गरेका ९९ वटा सिफारिस विभिन्न १३ वटा क्षेत्रसँग सम्बन्धित छन्। त्यसमा अधिकारक्षेत्रको थप स्पष्टता र संविधान संशोधनसँग सम्बन्धित, महिलालगायतकाको अधिकार सुनिश्चितता तथा संयुक्त समितिको निर्माण र समितिको निर्देशन कार्यान्वयनसँग सम्बन्धित विषय छन्। यस्तै, संवैधानिक आयोगका सिफारिसको कार्यान्वयन, संघीयता कार्यान्वयन कार्ययोजना, विकेन्द्रीकरण योजना, सुशासन, सेवा प्रवाह र मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित विषय छन्।

समतामूलक समाज निर्माण, प्रशासनिक संघीयता, संस्थागत संरचना, अन्तरतह समन्वय र सहकार्य, वित्तीय संघीयता तथा यससँग जोडिएका अन्य विषय पनि छन्। ती सिफारिस कुनै तत्काल गर्नुपर्ने प्रकृतिका छन् भने कुनै दीर्घकालसम्म गर्ने प्रकृतिका छन्।

समितिले दिएको सिफारिसको वर्गीकरण गरी कार्यान्वयनका लागि मन्त्रालय वा निकायमा पठाइ सकिएको प्रधानमन्त्रीको भनाइ छ- 'यसक्रममा संघीय अर्थ मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्य हुनेछ।'

त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यको हकमा सिफारिसलाई सम्बन्धित महाशाखाअनुसार वर्गीकरण गरी कार्यान्वयनका लागि पठाइसकिएको प्रधानमन्त्रीको भनाइ थियो। 'म प्रधानमन्त्री भइसकेपश्चात नेपाल सरकारका सचिवलाई दिएको ३० बुँदे निर्देशनको बुँदा नं ११ मा संघीयतासँग सम्बन्धित शिक्षा र स्वास्थ्यको सेवा प्रवाहलाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन सुधारसहितको कार्ययोजना तयार पार्ने विषय छ।'

सोही क्रममा सीमान्तकृत वर्ग, श्रमजीवी वर्ग र समाजको तल्लो वर्गलाई प्रदान गरिने सेवामा देखिएका कठिनाइ र सेवालाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारको खोजी गरी तत्काल आवश्यक कार्य गर्न निर्देशन दिइसकेको प्रधानमन्त्री दाहालले बताए। प्रदेश र स्थानीय तहमा कर्मचारीको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाउन र संघीय निजामति सेवा ऐन आगामी संसदमा पेस गर्ने गरी तयारी गर्न भनिएको छ।

यसैगरी संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा समेत संघीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारको सवलीकरणका लागि आवश्यक कानून तर्जुमा गर्न र संसदमा विचाराधीन विधेयकको टुंगो लगाउने कार्य उच्चप्राथमिकतामा परेको प्रधानमन्त्रीको दाहालले स्पष्ट पारे। संघीयताको कार्यान्वयन र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि केही विषयलाई उच्च प्राथमिकतामा राखिएको छ।

संघीयता कार्यान्वयनका लागि तीन तहका सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई संविधान बमोजिम कार्यान्वयन गर्ने, संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकाय हस्तान्तरण गरिने पनि प्रधानमन्त्री दाहालले बताए।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधानमा उल्लेखित साझा अधिकारका सूचीसँग सम्बन्धित कानूनलगायत अन्य आवश्यक ऐन कानून प्राथमिकताका साथ तर्जुमा गर्ने प्रधानमन्त्रले प्रतिबद्धता व्यक्त गरेका छन्। संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुँदै आएको रकम वृद्धि गरी न्यायोचित वितरण गर्ने तथा आवश्यक स्रोत, साधन र जनशक्ति तत्काल व्यवस्था गर्ने एवं प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गरिने उनको दावी छ।

आफू संघीय कानून निर्माण र संशोधन गरी प्रदेश तथा स्थानीय तहको अधिकार सूचीमा रहेका विषयको यथाशीघ्र निरूपण गर्न सहजीकरण गर्ने तथा प्रदेशका क्षेत्राधिकारसँग बाँझिएका ऐन संशोधन गर्ने, संविधानप्रदत्त सामाजिक न्यायको हकको सुनिश्चितताका लागि समानुपातिक समावेशीताको सिद्धान्तलाई कार्यान्वयन गर्नेमा दत्तचित्त रहेको प्रधानमन्त्रीले उल्लेख गरे।

मौलिक हकको प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्यको भूमिका अभिवृद्धि गर्ने, विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार दिलाउने तथा मन्त्रिपरिषदको २०७३ माघ १८ मा स्वीकृत कार्य विस्तृतिकरण परिमार्जन सरकारको नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

यसैगरी समावेशी प्रतिनिधित्वका लागि प्रतिनिधिसभा तथा प्रदेशसभामा एक तिहाई महिला उम्मेदवारको सुनिश्चितता भएको तथ्य पेस गर्दै प्रधानमन्त्रीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आवश्यक जनशक्ति र स्रोतसाधन उपलब्ध गराउने र राष्ट्रिय सतर्कता केन्द्रजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने कार्यालयलाई जनशक्ति र स्रोतसाधनमा उच्च प्राथमिकता दिइएको उल्लेख गरे।

यस्तै प्रधानमन्त्री दाहालले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन यसमा लाग्ने समयलाई एक तिहाईले घटाउने, जनमैत्री, छिटोछरितो, सुलभ र कम खर्चिलो, झन्झटमुक्त, प्रविधिमैत्री बनाउन र कार्यसम्पादनमा संलग्न कर्मचारीलाई उत्तरदायी बनाउन निर्देशन दिइसकिएको र कतिपय सेवामा अनलाइन प्रणाली सुरु भइसकेको समेत उल्लेख गरेका छन्।


## व्यक्तिगत घटना

## समयमा नै दर्ता गराऔं !

- जन्म, मृत्यु, विवाह, सम्बन्ध-विच्छेद तथा बसाइँसराइ जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं, गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा निःशुल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा-सुविधा सुनिश्चित गर्न, जनसङ्ख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## मूल्यमा भारी...

गर्न छाडेको बताए। त्यसले गर्दा विगतको तुलनामा अलैंची उत्पादन पनि वर्षेनी घटाउँदै लगिएको उनको भनाइ छ।

जिल्ला अलैंची व्यवसायी संघ भोजपुरका अध्यक्ष नवीन प्रधानले किसानमाझ निराशा छाएको बताए। मूल्यमा आएको गिरावटसँगै रोग, किरा र बाँदरजस्ता समस्याका कारण उत्पादनमा ह्रास आइरहेको प्रधानले बताए। मूल्यमा आउने उतारचढावले श्रमको ज्यालै नउठ्ने अवस्था आएको उनको भनाइ छ। सरकारले यसको उचित मूल्य निर्धारण गरेर बजारीकरणमा ध्यान दिए किसानमा उत्साह थपिने अध्यक्ष प्रधानको बुझाइ छ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार ५ सय ९७ हेक्टरबाट अलैंची उत्पादन हुँदै आएको छ। जिल्लाका दोभाने, कुदाकाउले, साम्पाङ, अन्नपूर्ण, चम्पे, खावा, चोलन्ती, छिनामखु, किमालुङ वासिङथर्पु, तिम्मा, हेलौछा, गुप्तेश्वरसहितका १७ बढी ठाउँमा मुख्य अलैंची खेती हुँदै आएको छ।

# सहिद सप्ताह : शास्त्रीको सम्झनामा पचलीमा स्मृतिसभा

**काठमाडौं ।** सहिद सप्ताहाको पहिलो दिन माघ १० गते शुक्रराज शास्त्रीले अमरत्व प्राप्त गरेको स्थान टेकुको पचलीमा स्मृति सभाको आयोजना गरी सुरु भएको छ। परिवारमै सीमित शासकीय शक्ति जनतामा पुऱ्याउन बलिदान दिने सहिदको योगदानको सम्मानमा हरेक वर्ष काठमाडौं महानगरपालिकाको आयोजनामा माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह मनाउने गरिएको छ।

शास्त्रीलाई प्राणदण्ड दिइएको स्थानमा महानगरप्रमुख एवं सहिद सप्ताह मूल समारोह समितिका संयोजक बालेन्द्र साह, उपप्रमुख सुनिता डंगोल, महानगरका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीसहितले सहिदको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै उनको योगदानको स्मरण गरेका थिए।

विसं १९५० मा बनासरमा जन्मनुभएका शास्त्रीले भारतकै देहरादुनबाट प्रारम्भिक शिक्षा प्राप्त गरेका थिए। धार्मिक गतिविधिबाट जहानियाँ शासनविरुद्ध जागरण अभियान सञ्चालन गर्ने क्रममा विसं १९९४ मंसिर १३ गते इन्द्रचोकमा मानिसलाई भेला गराएर तात्कालिन सरकारको आलोचना गरेको आरोपमा उनलाई पक्राउ गरिएको थियो।

यसैगरी धर्मभक्त माथेमालाई माघ १३ गते र गंगालाल श्रेष्ठ तथा दशरथ चन्दलाई माघ १५ गते प्राणदण्ड दिइएको थियो। सहिद सप्ताहको अन्तिम दिन यही माघ १६ गते शान्ति बाटिकाबाट सुरु गरिने प्रभातफेरी लैनचौरस्थित सहिदपार्कमा पुगी ज्ञातअज्ञात सहिदका सम्झनामा स्मृतिसभा परिणत हुने जनाइएको छ। कामपाले प्रजातन्त्र प्राप्तिका लागि प्राणदण्ड दिइएका चार सहिदहरूको पूर्णकदको शालिकमा सहिदहरूले साहादत प्राप्त गरेकै स्थानमा निर्माण गरिएको छ।

विसं २०७५ मा शुक्रराज शास्त्रीको शालिक तथा विसं २०७६ मा धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दको शालिक स्थापना गरिएको थियो। निरंकुश जहाँनिया राणा शासनविरुद्ध जनजागरणको अभियानमा लागेका शास्त्री, माथेमा, चन्द र श्रेष्ठलाई मृत्युदण्ड दिइएको थियो।

# शून्य समयमा गुणस्तरहीन औषधिदेखि शीतलहरसम्मको चर्चा

**काठमाडौं ।** राष्ट्रियसभाको बैठकको शून्य समयमा राष्ट्रियसभामा गुणस्तरहीन औषधि, महिला र बालबालिकामाथि भएका हिंसाका घटना, पाठ्यपुस्तक र सरकारी अस्पतालमा बिरामीका लागि शय्या अभाव र शीतलहरबाट जनतालाई भइरहेको कठिनाइसहितका विषयहरू उठान भएका छन् ।

राष्ट्रियसभाको बैठकको शून्य समयको उपयोग गर्दै सहभागी सदस्यहरूले सहिद सप्ताह र विमानस्थलमा भएको पछिल्लो घटनाले सुशासनका लागि दिएको चुनौतीलगायत विषयमा सदनमार्फत् सरकारले ध्यानाकर्षण गराएका हुन्।

राष्ट्रियसभाको शून्य समयमा भाग लिँदै इन्दिरादेवी गौतमले बजारमा गुणस्तरहीन औषधि छ्यापछ्याप्ती रहेकाले नागरिकको स्वाथ्यमा पर्न सक्ने गम्भीर असरलाई ध्यानमा राख्दै अनुगमनलाई चुस्त तुल्याउँदै त्यसलाई रोक्न माग गरिन्।

शून्य समयमा बोल्दै अर्की सदस्य गंगाकुमारी बेल्वासेले पछिल्लो समय महिला र बालबालिकामाथि भएका आक्रमणका घटनाले सुरक्षा जोखिम देखिएकाले सामाजिक सुरक्षा कायम गर्न सरकारको ध्यानाकर्षण गराइन्।

त्यसैगरी सदस्य तुलसाकुमारी दाहालले शून्य समयमा भाग लिँदै आगामी शैक्षिक सत्रमा विद्यालयका पाठ्यपुस्तक अभाव हुन नदिन समयमै छपाइ कार्य गर्न र काठमाडौंको फोहर दीर्घकालीन रूपमा व्यवस्थापन गर्न समयमै ध्यान पुऱ्याउन आवश्यक रहेकातर्फ औंल्याइन्। सदस्य भगवती कुमारी न्यौपानेले काठमाडौं उपत्यकामा रहेका सरकारी अस्पतालमा भर्ना भएका बिरामीले बेड पाउन कठिन भएकाले अस्पतालको स्तरोन्नति र उपचार सेवालाई सर्वसुलभ र सहज गर्नेतर्फ राज्यको ध्यान जानुपर्नेमा जोड दिइन्। यस्तै सदस्य मायाप्रसाद शर्माले राष्ट्रियसभामा उठेको विषयलाई मन्त्रीले जवाफ नदिएर यसको मान्यतालाई कमजोर तुल्याउने कार्य गरेको भन्दै सदनमा उठेको विषयमा मन्त्रीको जवाफ अनिवार्य गर्न माग गरे।

यस्तै शून्य समयमा भाग लिने अर्का सदस्य शारदादेवी भट्टले तराई-मधेसमा चलेको शीतलहरबाट ज्येष्ठ नागरिक र बालबालिका बढी प्रभावित भएकाले बिरामीलाई औषधि र विपन्नलाई लत्ताकपडा उपलब्ध गराउने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराइन्।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं